# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
### बागमती प्रदेश, नेपाल

## करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति :- २०७७/०५/२६**

यस मरिण गाउँपालिकाको कार्यालय कपिलाकोट, सिन्धुलीको लागि करार सेवामा देहायको पदमा करारमा कर्मचारी नियुक्ति गर्नुपर्ने भएको हुँदा यस कार्यालयबाट तोकिएको फारम भरी यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपूर्बकको दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नम्वर | पद/तह | सेवा/समुह | माग पदसंख्या | न्युनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर | कै |
|---|---|---|---|---|---|---|
| ०५-२०७७/०७८ | अमिन (चौथो तह) | इन्जिनियरिङ/ सर्भे | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उतिर्ण गरि सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ (एक) बर्षको तालिम प्राप्त गरेको | ५०० | |

१. **दरखास्त दिने स्थान :** मरिण गाउँपालिका,कपिलाकोट, सिन्धुली । दरखास्त फारम र सम्पूर्ण आवश्यक कागजातहरु स्क्यान गरी मरिण गाउँपालिकाको इमेल info@marinmun.gov.np मार्फत समेत पेश गर्न सकिनेछ । इमेल मार्फत दरखास्त पेश गर्ने उम्मेदवारले लिखित परिक्षा दिनु अघि वा लिखित परिक्षामा आउदा आवश्यक कागजातको प्रमाणित प्रति पेश गर्नु पर्नेछ ।

२. **दरखास्त दस्तुर :** दरखास्त दस्तुर वापतको रकम यस मरिण गाउँपालिकाको राजस्व शाखामा बुझाई सो को सक्कल भौचर वा इमेल मार्फत दरखास्त पेश गर्दा यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, कपिलाकोट शाखामा रहेको मरिण गाउँपालिका अन्तरिक राजश्व खाता नं. १५३०१००३०१०१०००२ मा राजश्व दाखिला गरि सो को भौचर स्क्यान गरि दरखास्त साथ पेश गर्नुपर्ने छ ।

३. **निवेदन दिने अन्तिम म्याद :** २०७७/०६/०९ गते कार्यालय समयभित्र र सार्वजनिक विदा परेमा सो को भोलिपल्ट । इमेल मार्फत पेश गरिएको दरखास्त फारम समेत सोहि मितिमा कार्यालय समय भित्र नै अपलोड भइसकेको हुनु पर्नेछ ।

४. **परिक्षाको किसिम :** छोटो सूची (Short Listing), लिखित तथा अन्तर्वार्ता ।

५. **पेश गर्नुपर्ने कागजपत्रहरु :** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्र र अनुभव प्रमाणपत्रका प्रतिलिपि निवेदक आफैले प्रमाणित गरी दरखास्त फारम साथ संलग्न गर्नुपर्नेछ ।

६. दरखास्त दिने अन्तिम दिनसम्म सेवा, समूह सम्बन्धी ऐन नियम अनुसार उमेरको हद ननाघेको हुनुपर्नेछ ।

७. लिखित परीक्षाको मिति फाराम भर्ने अन्तिम दिन प्रकाशन गरिनेछ ।

८. उम्मेदवार निजामती सेवा ऐन २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुपर्ने छ ।

९. अन्तरर्वार्तामा आउँदा पेश गरेको कागजातको सक्कल प्रति साथमा लिई आउनुपर्नेछ ।

१०. सेवा, सुविधा गाउँपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

११. दरखास्त फाराम यस मरिण गाउँपालिकाको कार्यालय वा वेवसाईड www.marinmun.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

विनोद पौडेल
प्रमुख प्रशासकीय अधिकृत